**Machine Readable Passport(MRP) जारी गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना।**

★ नेपाल सरकारले अन्तराष्ट्रिय नागरिक उड्डयन संगठनको (ICAO) मापदण्ड अनुसार मेसिन रिडेवल राहदानी (MRP) जारी गर्ने सम्बन्धमा आवश्यक तयारी पूरा गरिसकेका छ।

★ सो अनुसार MRP परराष्ट्र मन्त्रालय अन्तर्गत स्थापना भएको केन्द्रीय राहदानी कार्यालय तथा विदेशस्थित नेपाली नियोगहरु मार्फत आवेदन दिई प्राप्त गर्न सकिनेछ।

★ यस्तो राहदानी परराष्ट्र मन्त्रालय अन्तर्गत स्थापना भएको केन्द्रीय राहदानी कार्यालयबाट जारी हुने भएकले समय लाग्ने हुदा आफू लाइ चाहिने समय भन्दा ४५ दिन अगावै आवेदन गर्नु होला

★ हाल प्रचलनमा रहेका हस्तलिखित राहदानी तथा यात्रा अनुमतिपत्र Travel Document विशेष अवस्थामा अल्प समयको लागि बाहेक यही २०६७०९।०४ तदनुसार डिसेम्बर १९,२०१० बाट जारी गर्न बन्द गरिएको छ।

★ विदेशमा बसोबास गर्ने नेपालीहरुले MRP का लागि सम्बन्धित नियोगमा आवेदन दिदा देहायका विषयहरुमा ध्यान दिनु पर्नेछ।

१. **साधारण राहदानीको लागि निवेदन:** नेपाली नागरिकले साधारण राहदानी पाउनका लागि विदेशस्थित नियोगहरुमा निवेदन दिन सक्नेछन। आवेदन फारामका लागि www.cpo.gov.np मा login गरी डाउनलोड गरी अथवा दूतावासबाट प्राप्त गर्न सकिनेछ।

२. **राहदानीका लागि निवेदन दिंदा देहायबमोजिमका कागजातहरु संलग्न गर्नुपर्नेछ:**

क) रीतपूर्वक भरिएको दरखास्त फाराम २ प्रति,

ख) नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल प्रति र सोको एक प्रति प्रतिलिपि,

ग) ६ महिनाभित्र खिचेको यस सूचनामा उल्लेख भएअनुसारको रङ्गीन फोटो ४ प्रति,

घ) राहदानी दस्तूर। नगद वा यस राजदूतावासको राजस्व खातामा।

ङ) नावालिगको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको नावालिग परिचय पत्र र निजको बाबु वा आमामध्ये कुनै एक जनाको नागरिकताको प्रमाण पत्र र सोको प्रतिलिपि। संरक्षक नियुक्त भएकोमा संरक्षक भएको व्यहोरा खुल्ने लिखतको सक्कल प्रति र संरक्षकको नागरिकताको प्रमाणपत्र तथा त्यसको प्रतिलिपि

३. **पुरानो राहदानीको सट्टा नयाँ राहदानी लिने सम्बन्धी:** पुरानो राहदानीको म्याद समाप्त भएको वा राहदानीका सबै पानाहरु भरिन गई दरपीठ गर्नका लागि पाना बाँकी नभएमा राहदानी बहाल रहने अवधि बाँकी भए तापनि नयाँ राहदानीका लागि निवेदन दिन सकिनेछ। त्यसरी नयाँ राहदानी लिनु पर्दा माथि उल्लेख भएका कागजपत्रको अतिरिक्त पुरानो राहदानीको सक्कलै प्रति र एक प्रति प्रतिलिपि संलग्न गर्नुपर्नेछ। यसरी राहदानी जारी गर्दा निवेदकको पुरानो राहदानी रद्द गरी नयाँ राहदानी जारी गर्न सकिनेछ।

४. **अस्थायी राहदानी:** विदेशमा रहेको नेपाली राहदानी वाहकको राहदानी बहाल रहने अवधि समाप्त भएमा, राहदानी हराएमा वा नासिएमा वा भुत्रो भएको कारणले प्रयोग गर्न नसकिने भई नयाँ राहदानी बनाउनको लागि निवेदन दिएमा निजलाई मेशिन रिडेवल राहदानी जारी नहुन्जेल सम्मका लागि नियोगबाट अस्थायी राहदानी जारी गर्न सकिनेछ।

५. **एकतर्फि यात्रा अनुमतिपत्र:** कुनै नेपाली नागरिक विदेशमा राहदानी हराई बेवारिस वा बेसहारा भई अलपत्र परेमा निजको तत्काल उद्धार गरी पठाउन साविक अनुसारनै नि:शुल्क एकतर्फी यात्रा अनुमतिपत्र जारी गर्न सकिनेछ।

६. MRP सम्बन्धी अन्य जानकारी परराष्ट्र मन्त्रालय, केन्द्रीय राहदानी कार्यालयको वेभ साइट www.cpo.org.np अथवा यस राजदूतावासको सूचना पाटी वा www.nepembseoul.gov.np बाट प्राप्त गर्न सकिनेछ।